**मैवाखोला गाउँपालिकाको १५ औँ गाउँ सभामा पेश भई पारित भएको**
**आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम**

**गाउँसभाका सदस्य ज्यूहरू,**
**उपस्थित राष्ट्र सेवक कर्मचारीहरू,**

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि बनेको अधिकार सम्पन्न स्थानीय सरकारको यो गौरवमय गाउँसभाको यो बैठकमा सर्वप्रथम राष्ट्रको रक्षा समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक शाशन प्रणाली र मुलुकको सर्वाङ्गीण विकास, समृद्धि साथै अग्रगमनको लागि विभिन्न समयमा भएका ऐतिहासिक जनआन्दोलन, शसस्त्र जनयुद्ध र राजनीतिक क्रान्तिहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने महान् शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै वेपत्ता योद्धाहरूको स्मरण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका योद्धाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

संविधानले व्यवस्था गरेको राजनैतिक, प्रशाशनिक र वित्तीय संघीयता अनुसार समाजवाद उन्मुख आर्थिक सामाजिक रुपान्तरण गर्न र सुशाशन विकास र सामाजिक न्याय सहितको 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकांक्षा तथा प्रदेश सरकारले तयार गरेको 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' साथै 'सुखी र समृद्ध मैवाखोलाको आधारः अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार' को दीर्घकालीन लक्ष्यलाई आत्मसात गर्दै दीगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी जनताको सुख र समुन्नतिको लागि स्थानीय सरकार प्रतिबद्ध भएर लागि परेको छ ।

स्थानीय जनतालाई सरकारको तर्फबाट सकरात्मक परिवर्तनको आभास दिलाउने स्थानीय जनशक्ति, सीमित श्रोत साधनको उपयोग गर्दै सुशाशनलाई संस्थागत गर्न, विकास निर्माणका कामहरूलाई गति दिन र सेवा प्रवाहमा सर्व साधारणले अनुभूति गर्न सक्ने गरी कार्य योजना बनाई लागि पर्नु तथा गाउँपालिकाको आन्तरिक आयलाई मजबुत बनाउँदै गाउँपालिकालाई आत्मनिर्भर बनाउनु आजको हाम्रो कार्यभार हो ।

**गाउँसभा सदस्यज्यूहरू!**

मैवाखोला गाउँपालिकाको वर्तमान सरकार र नेतृत्व दीर्घकालीन योजना र लक्ष्य सहित अगाडि बढिरहेको छ । सरकार सञ्चालन गर्न आवश्यक पर्ने कानुन तथा नीतिहरू निर्माण गर्दै योजनाबद्ध विकासको अवधारणा अनुसार आवधिक विकास योजना तयार पारी गाउँपालिकाको समृद्धिका लागि प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी सोही अनुसार स्रोतहरूको परिचालन गरी अघि बढिरहेको छ । अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य पर्यटन र पूर्वाधारलाई मुख्य प्राथमिकतामा राखी १२ वटा गौरवका आयोजनाहरूको सूची तयार गरी परिणाममुखी कार्यान्वयन गर्न र गराउन लागि परेको छ ।

**उपस्थित गाउँसभा सदस्यज्यूहरू!**

अब म यस सम्मानित सभामा चालु आर्थिक वर्षको अन्त्यसम्म आइपुग्दा विषयगत क्षेत्रहरूको उपलब्धि तथा भइरहेका कार्यहरू र आगामी आर्थिक वर्ष २०८१\०८२ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास तर्फः

- नारायणी मा.वि र मैवाखोला मा.वि.लाई नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत भौतिक तथा शैक्षिक व्यवस्थापनका निम्ति आवश्यक श्रोतको व्यवस्था गरिएको छ ।
- कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिएको छ ।

- शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विद्यालयका सबै तहको नयाँ पाठ्यक्रमको प्रवोधिकरण, आइ.टि स्रोत शिक्षकको क्षमता विकास तालिम र एकाई योजना निर्माण सम्बन्धी तालिम तथा अन्य विभिन्न तालिमहरु सञ्चालन गरिएको छ।
- कक्षा आठको परिक्षालाई थप मर्यादित र व्यवस्थित बनाउन केन्द्रीकृत परिक्षा सञ्चालन गरिएको छ ।
- विद्यालयहरुमा कक्षा एक देखि लागु हुने गरी अङ्ग्रेजी भाषामा पठनपाठनको सुरुवात गरिएको छ।
- गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा भलिबल र फुटबल खेलको प्रशिक्षण गराउन खेल प्रशिक्षकको व्यवस्था गरिएको छ।
- सार्वजनिक शिक्षाको रुपान्तरणका लागि मिति २०८१ जेष्ठ १८ र १९ गते वृहत् शिक्षा सम्मेलन कार्यक्रम सम्पन्न गरिएको छ।
- लैंगिक हिंसा निवारण कोष सञ्चालन सम्बन्धी कार्यविधि बनाई कोष स्थापना गरिएको छ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका क र ख वर्गका व्यक्तिहरूलाई स्वास्थ्यकर्मी घर घरमै गई स्वास्थ्य उपचार गर्ने सम्बन्धी कार्यविधि तयार भई कार्यान्वयनमा आएको छ।
- लैंगिक हिंसा निवारण सम्बन्धी १६ दिने अभियान लगायत विभिन्न महिला शसक्तिकरणका सचेतना कार्यक्रम सञ्चालन भइरहेका छन् । यसबाट घरेलु हिंसा निवारणमा सहयोग पुग्नुका साथै महिलाहरूको आत्मनिर्भतामा टेवा पुर्याइरहेको छ।
- बालबालिकाको हक अधिकारको सुनिश्चितताका लागि बालबालिका सम्बन्धी ऐन निर्माण भएको छ, बालविकास केन्द्र तथा सहजकर्ता व्यवस्थापन सम्बन्धी कार्यविधि, आपतकालीन बाल उद्धारकोष सञ्चालन सम्बन्धी कार्यविधि तयार भई कार्यान्वयनमा आएको छ, बालक्लब गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।
- विद्यालयस्तरमा बालक्लबहरू, वडास्तरीय बाल क्लब सञ्जालहरू गठन गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन भइरहेको छ। २०८३ वैशाख सम्ममा गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य अनुसार विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।
- खानेपानी, सरसफाई तथा स्वच्छता अन्तर्गत चालु आर्थिक वर्षसम्म आईपुग्दा दिगो विकासको लक्ष्यलाई लक्षित गर्दै एक घर, एक धाराको नीति अनुसार मैवाखोला गाउँपालिका वडा नं- ६ साम्तुङमा GWT Nepal र गाउँपालिकाको साझेदारीमा ४२ घर धुरीलाई खानेपानी आयोजना सम्पन्न गरी स्वच्छ पिउने पानी व्यवस्थापन गरिएको, गाउँपालिका भरिका खानेपानी आयोजनाहरूको NWASH data अन्तरगतको वास योजना अनुसार Low risk, Heigh risk र Very heigh risk को तथ्याङ्क अनुसार गाउँपालिका भित्र पर्ने ९ वटा खानेपानी आयोजनाहरूको मर्मत सम्भार सम्पन्न गरी ६० घर धुरीमा स्वच्छ पिउने पानी उपलब्ध गरिएको, खानेपानी आयोजनाहरूको मर्मत सम्भार सम्पन्न गरी यस वर्ष ३०० जनसङ्ख्या लाभान्वित भएको, सम्पन्न भइसकेका आयोजाहरूको तथ्याङ्क सङ्कलन गरी एनवास डाटामा अद्यावधिक गरिएको छ।
- दिगो विकास (SDG) को लक्ष्यहरूमध्ये लक्ष्य नं. ६ मा रहेको खानेपानी तथा सरसफाई लक्षित कार्यक्रमलाई पूरा गर्न गाउँपालिकाबाट खानेपानी गुणरस्तरको परीक्षण, खानेपानी आयोजनाको निर्माण तथा वास डाटा अनुसार खानेपानी आयोजनाहरूको मर्मत सम्भार भएको छ जसबाट दिगो

विकासको लक्ष्य नं.६ लाई  सन् २०३० सम्ममा पूरा गर्न महत्वपूर्ण  टेवा पुर्याउने छ । विद्यालयहरूमा बालमैत्री र अपाङ्गमैत्री खानेपानी धारा निर्माण कार्यलाई निरन्तरता दिइएको छ ।

**क. शिक्षा सम्बन्धी नीतिः**

- मैवाखोला गाउँपालिकामा शिक्षाको रूपान्तरण र विकासलाई पहिलो प्राथमिकतामा राखी गाउँपालिकालाई सार्वजनिक शिक्षामा नमूना पालिकाको रूपमा विकसित गरिनेछ ।
- २०८१ जेष्ठ १८ र १९ गते आयोजित वृहत् शिक्षा सम्मेलनले जारी गरेको ४२ बुँदे सार्वजनिक शिक्षाको रुपान्तरणका लागि मैवाखोला घोषणा पत्र २०८१ लाई आवश्यक रणनीतिहरू तयार गरी लागु गरिनेछ ।
- मदिरा, धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन गर्ने र विद्यालयमा अनियमित तथा अराजक व्यवहार देखाउने शिक्षकलाई कानुनी कारबाही प्रक्रिया अगाडि बढाइनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयहरुलाई स्वयं आत्मनिर्भर तथा उद्यमशील बनाउँदै लगिनेछ ।
- "हाम्रो अस्पताल हाम्रै डाक्टर"को अवधारणा अनुसार ५ वर्षमा १ डाक्टर उत्पादन गरी कम्तीमा ५ वर्ष अनिवार्य रुपमा मैवाखोला गाउँपालिकामा नै सेवा गर्ने गरी एम.बि.बि.एस अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- प्रत्येक वर्ष शैक्षिक क्यालेण्डर निर्माण गरी मैवाखोला गाउँपालिकाको शिक्षालाई वार्षिक रूपमा व्यवस्थित गर्दै लगिनेछ ।
- विद्यालयहरुमा आई.सि.टि. तथा विज्ञान प्रयोशालाहरूको व्यवस्थापन गर्दै लगिनेछ ।
- प्रत्येक विद्यालयमा सिकाइ उपलब्धि वृद्धिका लागि अतिरिक्त कक्षा सञ्चालन गरिनेछ ।
- विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी र थप व्यवस्थित गरी लागु गरिनेछ ।
- फरक क्षमता भएका बालबालिकालाई पठनपाठनको छुट्टै व्यवस्था गरिनेछ ।
- एक वडा एक बाल उद्यान निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- हालसम्म बाल विकास केन्द्र नखोलिएको र विद्यार्थी संख्या धेरै भएको १ वटा विद्यालयमा बाल विकास केन्द्र स्थापना गरिनेछ ।
- मौजुदा स्थानीय पाठ्यक्रममा स्थानीय भूगोल, इतिहास र संस्कृतिका साथै परम्परागत सीप, कला र प्रविधि सम्बन्धी विषयवस्तु समावेश गरी आवश्यक संशोधन गरिनेछ ।

**ख. स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीतिः-**

- सामुदायिक स्वास्थ्य इकाई तेल्लाबुङलाई स्वास्थ्य चौकीको रूपमा स्तरोन्नति गरिसकिएको छ, वडा नं. ६ मा स्वास्थ्य चौकी दर्ता गरी सञ्चालनमा आएको छ । उक्त स्वास्थ्य संस्थाहरूबाट अझ गुणस्तरिय सेवा प्रदान गर्नका लागि थप कर्मचारीको व्यवस्था गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुमा एम बी बी एस डाक्टर सेवा सुचारु गरिएको छ ।  डिजिटल अल्ट्रा साउण्ड र फार्मेसी सेवा स्थापना भई सञ्चालनमा आएको छ । उक्त सेवालाई अझ प्रभावकारी र गुणस्तरिय सेवाका लागि निरन्तरता दिइनेछ ।

- प्रत्येक वडा र पालिकालाई पूर्ण खोप युक्त वडा र पालिका घोषणा गरी सकिएको छ । स्वास्थ्य क्षेत्रमा निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्दै वडा र पालिका पूर्णखोप दिगोपनाका लागि आवश्यक नीति लिइनेछ।
- वडा नं. ३ मा स्वास्थ्य चौकी भवन निर्माण भइरहेको छ । उक्त स्वास्थ्य चौकी भवनलाई चाँडै सम्पन्न गरी बर्थिङ सेवा सहितको गुणस्तरिय सेवा उपलब्ध गराइनेछ।
- गाउँपालिका भित्रका जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरूको आधारभूत स्वास्थ्यप्रति जवाफदेही बन्दै महिनामा एक पटक स्वास्थ्यकर्मी घरमै पठाई प्राथमिक स्वास्थ्य परीक्षण तथा औषधी उपचार गर्नुका साथै निःशुल्क औषधी सहितको प्राथमिक उपचार किट बक्स वितरण कार्यक्रमलाई गुणस्तरिय सेवा प्रवाहको लागि निरन्तरता दिइनेछ।
- सबै स्वास्थ्य चौकीहरू मार्फत् नेपाल सरकारबाट निःशुल्क गरिएका ९८ प्रकारका औषधीहरू वितरण कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकामा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, महिला स्वास्थ्यकार्यकर्ता तथा स्वास्थ्य कर्मीहरूलाई अधिकतम परिचालन गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउने अभियान सञ्चालन गरिनेछ।
- सुत्केरी आमा तथा नवजात शिशुहरूको नियमित स्वास्थ्य परीक्षणको लागि नर्सिङ कर्मचारी घर घरमा पठाई आवश्यक जाँच तथा परामर्श सेवा दिने व्यवस्था मिलाइने छ।
- स्वास्थ्य चौकीमा आवश्यक न्यूनतम भौतिक सुविधा र आवश्यक उपकरणहरू उपलब्ध गराइ जटिल अवस्थाका रोग र विरामी बाहेकका रोगको उपचार गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा सहज रूपमा उपलब्ध हुने व्यवस्था मिलाइने छ।
- ल्याब सेवालाई अझ व्यवस्थित गर्दै लगिने छ।
- गाउँपालिकाद्वारा सञ्चालित एम्बुलेसहरूबाट गाउँपालिका भित्रका गर्भवती आमाहरूलाई घरबाट स्वास्थ्य संस्थासम्म लैजान निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।
- बर्थिङ सेन्टर सञ्चालन भएका स्वास्थ्य संस्थाहरूलाई जनशक्ति र प्रविधिले सुविधा सम्पन्न बनाउँदै लगिनेछ।
- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूलाई आवश्यकताको आधारमा तालिमको व्यवस्था गरिनेछ।
- पोषणमैत्री स्थानीय शाशनयुक्त गाउँपालिका घोषणा गर्ने उद्देश्यले विभिन्न आधारभूत सुचकहरू पूरा गर्नका लागि कार्यक्रम लागु गरिनेछ।
- अध्यक्ष स्वास्थ्य सहयोग कोष मार्फत् क्यान्सर रोगी, मृगौला प्रत्यारोपण गरेका, डायलायसिस गरिरहेका, मेरुदण्ड पक्षघात र गम्भीर प्रकृतिको मटु रोगीहरूलाई औषधी उपचारमा आर्थिक सहयोग गरिनेछ।

- प्रत्येक गर्भवती आमाहरूको नियमित स्वास्थ्य चेक जाँचको लागि स्वास्थ्य संस्थाहरूमा ग्रामीण अल्ट्रासाउण्ड सेवा मासिक रूपमा प्रत्येक स्वास्थ्य चौकीबाट उपलब्ध गराइनेछ।
- गर्भवती महिला तथा सुत्केरी आमाहरूलाई लक्षित गरी उपाध्यक्ष चेसुङ कार्यक्रमलाई निरन्तरता दिँदै अझ व्यवस्थित गर्दै लगिनेछ।
- निर्माणाधीन १५ शैयाको आधारभूत अस्पताल ढुङ्गेसाँघुमा डिजिटल एक्स-रे र मुटुको जाँच (ई.सि.जि.) लगायत अन्य ल्याब सामग्रीहरूको व्यवस्था गरी गुणस्तरीय सेवा प्रवाह गरिने छ।
- स्वास्थ्य चौकीहरूको सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुमा स्वास्थ्य विमा सेवा सुचारु गरिने छ।
- राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरूलाई पुनर्ताजगी तथा आधारभूत तालिमको व्यवस्था गरिनेछ।
- साँघु आयुर्वेद औषधालयलाई आवश्यक सामग्रीसहित व्यवस्थित गर्दै लगिनेछ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीतिः**

- विद्यालयस्तरबाट प्रतिभाशाली खेलाडी उत्पादन गर्न उसु, कराते र तेक्वान्दो खेल प्रशिक्षकको व्यवस्था गरिनेछ साथै फुटबल र भलिबल प्रशिक्षकलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाकै गौरवको आयोजना मदन भण्डारी-स्मृति रङ्गशालालाई सम्पन्न गर्न प्रदेश र संघीय सरकारसँग सहकार्यका लागि पहल गरिनेछ।
- सांस्कृतिक पर्वको रूपमा सञ्चालन गरिने महाशिवरात्री मेलामा खेलाईने खेलकुदलाई सहयोग गरी खेलकुद प्रवर्द्धनमा टेवा पुर्याइने छ।
- विद्यालयस्तर देखि नै उत्कृष्ट खेलाडी उत्पादनका लागि खेलकुद प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- मैवाखोला माध्यमिक विद्यालयको खेलमैदान विस्तार गरिँदै लगिने छ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।

**घ. लैंगिक समानता र समावेशीकरण सम्बन्धी नीतिः**

- लैंगिक विभेदलाई न्यूनीकरण गर्न गाउँपालिका भित्र रहेका महिला विकास तथा आमा समूहहरूलाई लक्षित गरी क्षमता अभिवृद्धि तथा सशक्तिकरण गर्न नेतृत्व विकास सम्बन्धी तालिमहरूको व्यवस्था गरिनेछ।
- महिलालाई आर्थिक क्रियाकलापमा सक्रिय बनाउन महिला उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका परम्परागत पेशाको संरक्षण, सम्वर्द्धन तथा आधुनिकीकरणको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालनलाई निरन्तरता दिइनेछ।
- ज्येष्ठ नागरिकसँग जनप्रतिनिधि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

- ज्येष्ठ नागरिकहरूको हेरचाह गरिरहेका परिवारहरूका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- दलितहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक तथा वैयक्तिक रूपमा सबल तथा सक्षम बनाउन **'दलित शशक्तिकरणका लागि अध्यक्ष कोष'** नामक दलित लक्षित छुट्टै कोष स्थापना गरी दलितहरूको हितमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- विभिन्न संघ संस्थाहरूसँग मिली अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

**ङ. बालबालिका सम्बन्धी नीतिः**

- आपतकालीन बाल उद्धार कोषलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाले २०८३ साल वैशाख भित्र बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्न गरेको प्रतिवद्धतालाई पूरा गर्न आवश्यक कार्यक्रमहरूको व्यवस्था गरिनेछ।
- गठित विद्यालयस्तरीय बालक्लब, वडास्तरीय बाल क्लब सञ्जाल र पालिकास्तरीय बाल क्लब सञ्जाललाई समाजको विकृतिको रूपमा रहेका जस्तैः बालविवाह, लागुपदार्थ दुर्व्यशनी, बालश्रम शोषण, घरेलु हिंसा रोक्न तथा न्यूनीकरण गर्न परिचालन गरिनेछ।
- बेवारिसे बालबालिकाहरूको पहिचान गरी व्यवस्थापन गर्न आवश्यक नीतिको अवलम्बन गरिनेछ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**च. खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः**

- गाउँपालिकामा रहेको प्रत्येक नागरिकलाई विना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाईमा सहज र सुलभ पहुँचको अधिकार प्रत्याभूत गराई दिगो विकासको लक्ष्यलाई लक्षित गर्दै एक घर, एक धाराको नीति अन्तर्गत सबै नागरिकहरूको घर घरमा स्वच्छ खानेपानी उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्रका खानेपानी आयोजनाहरूको मुहानहरूको मर्मत सम्भार गरिनेछ।
- गाउँपालिकामा यस वर्ष खानेपानी आयोजनाहरू सञ्चालन हुने वडा नं-६ को भित्ते आरुवोटे खानेपानी आयोजना र वडा नं-२ को भुसुने खानेपानी आयोजना, तेम्बे खानेपानी आयोजना र लेकुवा खानेपानी आयोजनाहरूलाई सम्पन्न गर्न GWT Nepal सँग साझेदारी गरिनेछ।
- गाउँपालिका भित्र सञ्चालित खानेपानी आयोजनाको मुहान र धाराहरूको खानेपानीको नमुना सङ्कलन गर्ने र उक्त खानेपानीको गुणस्तर परीक्षण गरी खानेपानीलाई गुणस्तरीय बनाउन प्रविधिको जडान गर्दै लगिनेछ।
- संघ, प्रदेश र स्थानीय सरकारबाट सञ्चालित खानेपानी आयोजनाहरूलाई एकीकृत रूपमा सञ्चालन र नियमन गर्ने नीति लिइनेछ।
- निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरूको एन वास डाटामा तथ्याङ्क अद्यावधिक गर्दै लगिनेछ।

- गाउँपालिका भित्र पर्ने खानेपानी आयोजनाहरूको मुहान, ट्याङ्की र धाराहरूका साथै सार्वजनिक संस्थाहरूमा रहेका खानेपानीको धारा तथा सौचालयहरूको सरसफाइ तथा स्वच्छता सम्बन्धी अभियानहरू सञ्चालन गरिनेछ।

**छ. कला भाषा साहित्य र सम्पदा सम्बन्धी नीतिः**

- रैथाने कला, साहित्य, संस्कृति र भाषाको जगेर्ना, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै लगिनेछ।

।

## २. पूर्वाधार विकास

पूर्वाधार विकास अन्तर्गत मैवाखोला गाउँपालिकामा २४३ कि.मि. सडक ट्र्याक खोलिएको र त्यसमध्ये हालसम्म ११.११५ कि.मि. सडकमा सोलिङ बिछयाइएको, २.६ कि.मि. सडकमा पक्की नाली निर्माण गरिएको, २ कि.मि. सडक ग्राबेल सम्पन्न भएको छ। गाउँपालिका भित्रका जग्गाको प्रयोगलाई व्यवस्थित गर्न आवश्यक भू-उपयोग नीति र सडकलाई व्यवस्थित बनाउन सडक गुरुयोजना निर्माण सम्पन्न भएको छ।

गाउँपालिकाको आवधिक विकास योजना २०८० मा समेटिएको १२ वटा गौरवको आयोजनाहरू मध्ये गाउँपालिकाको प्रसाशनिक भवनलाई समावेश गरी निर्माण भइरहेको छ। पन्ध्र सैयाको अस्पताल सहित गाउँपालिकाका अन्य गौरवका आयोजनाहरूको निर्माण कार्य भइरहेको, ठूला आयोजनाहरूमा बहुउद्देशीय कबर्ड हल, वडा नं. ३ को स्वास्थ्य भवन, मैवाखोला वडा नं ५ र ६ लाई सडक सञ्जालसँग बाह्रै महिना जोड्नका लागि वडा नं. २ र ५ को सिमानामा बग्ने नेरुवा खोला खार्तेमा पक्की मोटरेबल पुल निर्माण भइरहेको र सबै वडा केन्द्रहरूमा बाह्रै महिना सडक सञ्चालनका लागि स्तरोन्नति कार्य भइरहेको छ। मैवाखोला वडा नं १ र मेरिङ्देन जोड्ने झोलुङ्गे पुल निर्माण सहित यस आर्थिक वर्ष सडक पूर्वाधार अन्तर्गत १३ कि.मि सडक सोलिङ्ग स्तरोन्नति भइरहेको छ। गत वर्षको मनसुन सँगै आएको बाढी पहिरोको कारण विस्थापित ६५ घर परिवारहरूलाई सुरक्षित स्थानान्तरण गर्न भू-गर्वविदहरूबाट जग्गाको अध्ययन भइरहेको छ। स्वच्छ उर्जाको खपत वृद्धि गरी गुणस्तरीय जीवनयापनको निम्ति हालसम्म ७० प्रतिशत घर धुरीहरूमा केन्द्रीय प्रशारण लाइन विस्तार भएको र बाँकी रहेको घर धुरीहरूमा पनि विद्युत जडान कार्य भइरहेको छ।

**क.सडक यातायात,पक्की पुल र झोलुङ्गे पुल सम्बन्धी नीतिः**

- गाउँपालिकाको सर्वाङ्गीर्ण विकासमा अत्यन्तै महत्वपूर्ण बसन्तपुर–गुफा-साँघु-ढुङ्गेसाँघु-दोभान सडक विस्तार र कालो पत्रेको लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी पर्यटकीय सडकको रूपमा विकास गरिनेछ।
- गाउँपालिका केन्द्रबाट सबै वडाको केन्द्रसम्म यातायात सञ्चालनका लागि सडक मर्मत गरिँदै लगिनेछ।
- दोभान-तिरतिरे-खार्ते-साङलुक्पा-साम्तोङ-सिन्धोलुङ झरनासम्म सडक स्तरोन्नति गर्न प्राथमिकता दिइनेछ।
- गाउँपालिकाको गौरवको आयोजनामा रहेको मैवाखोला चक्रपथ स्तरोन्नति गरिनेछ।

- गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरूको स्तरोन्नति गरी यातायातलाई सहज गरिँदै लगिनेछ। प्रदेश सरकारसँग सहकार्य गरी मैवाखोला वडा नं ५ र ६ लाई बाह्रै महिना सडक सञ्चालनको लागि खार्ते नेरुवा खोलामा आ.व. २०८१/०८२ भित्र पक्की पुल निर्माण सम्पन्न गर्न पहल गरिनेछ।
- सडक बोर्ड नेपालसँग साझेदारी गरी पालिकाको मुख्य सडकहरूलाई स्तरोन्नति गरिनेछ।
- बाह्रै महिना बग्ने खोलाहरूमा स्थानीय बासिन्दाहरूलाई हाट बजार आवत जावत, विद्यार्थीहरूलाई विद्यालय आवत जावत र स्वास्थ्य सेवा केन्द्रमा पहुँच स्थापना गर्न प्राथमिकताका आधारमा झोलुङ्गे पुल निर्माण गरिनेछ।

ख. **भवन तथा वस्ती विकास र सार्वजनिक निर्माण सम्बन्धी नीतिः**

- राष्ट्रिय भवन संहिता र नक्सा पासको लागि आवश्यक कानुन बनाई मापडण्ड लागु गरिनेछ।
- मैवाखोला गाउँपालिकाको गौरवको आयोजना १५ शैयाको अस्पताल निर्माण कार्य सम्पन्न गरिनेछ।
- गौरवको आयोजना अन्तर्गतकै गाउँपालिकाको प्रशासनिक भवन निर्माणलाई तिव्रता दिइनेछ।
- सबै वडाहरूमा रहेको फुसको छानालाई जस्ता पाताले विस्थापन गरिँदै लगिनेछ।
- विपद्को कारण विस्थापित भएका ६५ घर परिवारलाई जीवीकोपार्जन, सांस्कृतिक पक्षहरूको संरक्षण तथा पर्यटन प्रवर्द्धनसँग जोड्दै विपद्को क्षेत्रमा उदाहरणीय कार्य गर्न एकीकृत नमुना बस्ती विकास गरी स्थानान्तरण गरिनेछ।
- मैवाखोला गाउँपालिकाको बहुउद्देशीय कभर्ड हल निर्माण कार्य सम्पन्न गरिनेछ।
- गाउँपालिकाको छनोटमा परेको नमुना विद्यालयको भौतिक व्यवस्थापन कार्य सम्पन्न गरिनेछ।
- स्वास्थ्य संस्थाहरूको पूर्वाधार विकास गरिँदै लगिनेछ।
- गाउँपालिकाबाट निर्माण हुने सार्वजनिक भवन तथा पूर्वाधारहरू अपाङ्गमैत्री, लैङ्गिकमैत्री, बालमैत्री तथा वातावरणमैत्री बनाइनेछ।
- धार्मिक तथा साँस्कृतिक सम्पदाहरूको निर्माण, पुनःनिर्माण, मर्मत र संरक्षण गरिँदै लगिनेछ।
- गत वर्ष डि.पि.आर सम्पन्न भएको मझुवा खण्ड ताम्राङ-फाकुम्बा-थुकियादो हुँदै मेरिङ्देनको थिङ्लाबु सडक जोड्ने मोटरेवल पुल निर्माण कार्य अगाडि बढाउन प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।
- वडा नं ४ ताम्राङ जाने नेरुवा खोलामा मोटरेवल पुल निर्माण गर्न डि.पि.आर तयार गरिनेछ।
- सडक सञ्जालसँग जोड्ने डि.पि.आर सम्पन्न भएका याङ्देली, माङमाया र लोदुम्बा रणनीतिक मोटरेवल पुल निर्माण प्रकृया अगाडि बढाउन संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ।

ग. **विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धी नीतिः**

- गाउँपालिकाको सबै वडा र टोलहरूमा केन्द्रीय प्रशारण लाइन बिस्तार गरी उपभोक्ताहरूको विद्युत उपभोगमा पहुँच शुनिश्चित गरी गाउँपालिकालाई अँध्यारो मुक्त गाउँपालिका घोषणा गरिनेछ।

- नविकरणीय उर्जा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- वायोग्याँस र विद्युतीय चुलोको उपभोगलाई प्रोत्साहन गरिनेछ।

घ. **सूचना, सञ्चार र प्रविधि सम्बन्धी नीतिः**

- इन्टरनेटको माध्यमबाट सेवा प्रवाहलाई जोडी सार्वजनिक निकायमा सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउन फाइवर नेट प्रणाली जडान गरिनेछ ।

### ३. आर्थिक विकास समिति

कृषि क्षेत्रमा लगानी गरी स्वरोजगारको अवसर सिर्जना गर्दै किसानहरूको जीवनस्तर सुधार गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ। कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन सम्बन्धी ऐन साथै पशुपालन अनुदान सम्बन्धी कार्यविधि तयार भई कार्यान्वयनमा आएको छ। अर्गानिक गाउँपालिका निर्माण गर्न रासायनिक विषादी तथा रासायनिक मलको न्यूनीकरण गर्न जैविक विषादी तथा प्राङ्गारिक मल बनाउन तालिमहरू सञ्चालन गरिएको छ। कृषि विकास शाखा मार्फत् फलफूलहरूको नर्सरी उत्पादन गरी विरुवाहरू वितरण गरिएको छ। प्राङ्गारिक खेतीमा प्रोत्साहन गर्न कृषकहरूलाई निःशुल्क जैविक विषादी वितरण गरिएको छ।

व्यवसायिक पशु पालनका लागि किसानहरूलाई साझेदारीमा उन्नत जातको गाई, भैँसी, बङ्गुर तथा बाख्रा वितरण गरिएको छ। विभिन्न प्रजातिका पोषिलो घाँसका विरूवाहरू वितरण गरिएको छ। पशु पन्छीमा लाग्ने रोगहरू; पीपी आर, स्वाइन फिवर, खोरेत र रेबिज विरुद्धको निःशुल्क खोप सेवा सञ्चालन गरी औषधी समेत निःशुल्क वितरण गरिएको छ। पशुपन्छी पालक कृषकहरू पहिचान गरी कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सङ्कलन गरी अध्यावधिक गरिएको छ।

घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने उद्देश्यले हालसम्म १३७ जनालाई उद्यम विकास सम्बन्धी तालिम दिइएको छ। स्थानीय साधन, स्रोत तथा कच्चा पदार्थमा आधारित अल्लो प्रशोधन, बेसार खेती तथा फलफूलको जुस तथा अचार बनाउने तालिम दिइएको छ। सुरक्षित स्यानेटरी प्याड निर्माण सम्बन्धी प्राविधिक सीप प्रदान गरिएको छ। पुराना उद्यमीहरूलाई लक्षित गरी पुनर्ताजगी तालिम सञ्चालन गरिएको छ।
पर्यटन प्रवर्द्धनका लागि साँघु झ्याउँ पोखरी मिल्के गोरुजुरे सभापोखरी ओसाङलुङ –सिन्धोलुङ सम्मको पर्यटकीय पद मार्गको डिपी आर तयार भई निर्माण कार्य अघि बढेको छ। झ्याउँ पोखरीस्थित गुराँस पार्कको डिपी आर तयार भई पूर्वाधार निर्माण भइरहेको छ र सो क्षेत्रलाई गाउँपालिकाको आन्तरिक आय स्रोतको रूपमा विकास गर्न प्रदेश सरकार मार्फत् भोगाधिकार ग्रहण गर्ने प्रक्रिया अघि बढाइएको छ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम** अन्तरगत सूचीकृत भएका वेरोजगार श्रमिकहरूलाई न्यूनतम रोजगारीमा सम्लग्न गराउन नसकिएका बाँकी वेरोजगार श्रमिकहरूलाई रोजगार उपलब्ध गराउन गाउँपालिकाबाट छुट्टै **अध्यक्ष रोजगार कार्यक्रम** सञ्चालन गरिएको छ।

**क. कृषि तथा सहकारी सम्बन्धी नीतिः**

- गाउँपालिका क्षेत्रको भूगोल, प्रकृति, तापक्रम, हावापानी र माटो परीक्षण लगायतको कृषि विज्ञहरू मार्फत्  यहाँको रैथाने बाली, फलफूल, तरकारी तथा नगदे बालीहरूको स्थलगत रूपमा सम्भाव्यताको विस्तृत अध्ययन अनुसन्धान गराई विज्ञहरूको सिफारिस अनुसार पकेट क्षेत्रहरू विकास गरिने छ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी पालिकालाई आत्मनिर्भर बनाउन प्राङ्गारिक खेतीको

- आधारमा कृषकलाई प्रोत्साहन गरिनेछ। रैथाने बाली, फलफूल तथा तरकारीलाई विशेष प्राथमिकता दिईनेछ।
- अर्गानिक गाउँपालिकाको आधार तयार पार्न रासायनिक मल तथा विषादीको प्रयोग क्रमशः न्यूनीकरण गर्दै लगिनेछ। किसानहरूलाई रोग कीरा नियन्त्रण गर्न जैविक विषादी वितरण गरिनेछ।
- कृषकको जीवनस्तर सुधार गर्न कृषकद्वारा उत्पादित उत्पादनको विविधीकरण गर्न तालिमको व्यवस्था गरिनेछ। साथै लागत साझेदारीमा आवश्यक उपकरण वितरण गरिनेछ।
- कृषकहरूको खेतबारीको माटोको अवस्थाबारे जानकारी दिन पालिकामै माटो परीक्षण ल्याब सेवा स्थापना गरिने छ।
- उन्नत तरकारीका बीउ तथा फलफूलको विरूवा उत्पादन गर्न स्थापित नर्सरीको व्यवस्थापन गरिनेछ।
- प्राविधिक र जनप्रतिनिधिहरूसँग कृषकहरूका समस्या तथा गुनासोहरू प्रत्यक्ष रूपमा राख्नका लागि प्रत्येक वडामा वडास्तरीय अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
- उत्पादन योग्य बाँझो जमिनमा युवा लक्षित सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ। कृषि उत्पादन
- वृद्धि गर्न भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ।
- रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्न निजी, सार्वजनिक साझेदारी (PPP) मोडेलमा जैविक मल उत्पादन गर्न एक उद्योगको स्थापना गरिने छ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका वा गाउँपालिका भित्र कार्य क्षेत्र बनाई काम गर्ने सहकारी संस्थाहरूको नियमन र व्यवस्थापन गर्ने नीति लिइनेछ ।

**ख. <u>पशुपंक्षी विकास सम्बन्धी नीतिः</u>**

- दुग्धजन्य पदार्थ, मासु तथा अण्डा उत्पादनमा वृद्धि गर्न गाई, भैंसी, याक, चौंरी, भेँडा, बाख्रा, बङ्गुर, कुखुरा, माछा पालन प्रवर्द्धन कार्यक्रमलाई निरन्तता दिई कृषकहरूलाई प्रोत्साहन गरिनेछ।
- पशुपंक्षीमा लाग्ने विभिन्न किसिमका रोगको रोकथाम तथा नियन्त्रणका लागि खोप तथा औषधीको व्यवस्था गरिनेछ।
- किसानहरूलाई पशुपालनमा प्राविधिक सेवा प्रवाह गर्ने उद्देश्यले वडाहरूमा सञ्चालित पशु सेवा केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ।
- पशु नश्ल सुधारका लागि प्राकृतिक गर्भधारण तथा कृतिम गर्भधारण कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक गरिनेछ।

**ग. <u>लघु उद्यम तथा नागरिकको आय आर्जन सम्बन्धी नीतिः</u>**

- नवप्रवर्तनमा आधारित उद्योगहरूको प्रवर्द्धन एवम् विकासलाई प्रोत्साहित गरी लघु, घरेलु तथा साना उद्योग व्यवसायमा स्थानीय समुदायलाई आकर्षित गर्दै आर्थिक विकास तथा रोजगारीको सिर्जना गरिनेछ।

- स्थानीय स्रोत र साधनको उचित प्रयोग गरी अधिकतम आय आर्जन हुने खालको उद्यम व्यावसाय सञ्चालन गर्न प्राविधिक तथा व्यावसायिक सिप विकास तालिमको व्यवस्था गरिनेछ ।
- स्थानीय उत्पादकत्व वृद्धि गरी उत्पादित वस्तुहरूलाई ब्राण्डिङ, प्याकेजिङ गरी आन्तरिक तथा बाह्य बजारमा बिक्री वितरण गरिनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत प्रत्येक वर्ष मेडमोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ ।
- लघु उद्यमशिलताको माध्यमबाट दलित, महिला, जनजाति, अपाङ्ग र विपन्न वर्ग तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उद्यम व्यवसाय सञ्चालन गर्न आवश्यक प्राविधिक तथा व्यावसायिक सिप प्रदान गरिनेछ ।
- पुराना उद्यमीहरूको पहिचान गरी एड्भान्स सिप तालिमको व्यवस्था गरिनेछ ।
- उद्यमीहरुको लागि विषयगत निकायहरुसँग समन्वय र सम्पर्क गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका उद्योग, व्यापार-व्यावसाय फर्म दर्ता र नवीकरण अभियान तथा व्यवसायिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- उत्पादित वस्तुहरूको सङ्कलन र विक्री वितरण गर्नका लागि एक कोसेली घर निर्माण गरिनेछ।
- उद्यमीहरूलाई थप टेवा पुर्याउन आधुनिक मेशिन तथा प्रविधिहरू सहयोग गरिनेछ ।
- उद्यमीहरूलाई सहुलियत ब्याज दरमा ऋण पुँजी उपलब्ध गराउन छुट्टै कोषको स्थापना गरिनेछ ।
- उत्पादित वस्तुहरूको बजार प्रवर्द्धन गर्न स्थानीय एवं प्रदेशस्तरीय व्यापार मेला, प्रदर्शनी मेलाको लागि सहकारी तथा निजी क्षेत्रसँग सहकार्य र समन्वय गरिनेछ ।
- गाउँपालिकामा एक औद्योगिक ग्राम स्थापना गर्न विज्ञहरू मार्फत् उद्योगहरूको सम्भाव्यता अध्ययन गरिने छ ।

**घ. रोजगार कार्यक्रम तर्फ :**

- गाउँपालिकामा सूचीकृत बेरोजगार श्रमिकहरूलाई न्यूनतम रोजगार उपलब्ध गराउन रोजगार सम्बन्धी रणनीति बनाई लागू गरिने छ ।
- गाउँकपालिकामा सूचीकृत वेरोजगार श्रमिकहरूका लागि न्यूनतम रोजगारीमा संलग्न गराउन प्रधानमन्त्री रोजगार कार्यक्रम र सो कार्यक्रमले सम्बोधन गर्न नसकेका बेरोजगार श्रमिकहरूका लागि छुट्टै अध्यक्ष रोजगार कार्यक्रम मार्फत् न्यूनतम रोजगारीको अवसर उपलब्ध गराइने छ ।
- वैदेशिक रोजगारीमा जाने नागरिकहरुलाई श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति कार्यक्रमलाई व्यावस्थित गर्दै लगिनेछ ।

- वेरोजगार  श्रमिकहरूको क्षमता अभिवृद्धि गरी व्यवसायिक बनाउन विभिन्न प्रकारका सीप विकास तालिमहरू उपलब्ध गराइने छ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन निर्माण गरी विपद् जोखिम प्रतिकार्यको लागि स्थानीय आपतकालीन सेवा सञ्चालन केन्द्रको स्थापना भएको छ। त्यस्तै फोहोरमैला व्यवस्थापनका लागि आवश्यक कानुनको निर्माण सम्पन्न भएको छ। विपद् व्यवस्थापन कोष स्थापना भई सञ्चालनमा आएको छ। भू- तथा जलाधार व्यवस्थापनका लागि गाउँपालिकामा पोखरी, तालतलैया, झरना तथा खानेपानीको मुहानहरूको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको छ। बजार क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनका लागि प्रस्तावित ल्याण्ड फिल्ड साइटको प्रारम्भिक वातावरणीय परीक्षण कार्य सम्पन्न भएको छ।
विपद प्रतिकार्यको लागि वार्षिक रूपमा समुदायमा आधारित नमुना अभ्यास तालिम भइरहेको छ। वातावरण सन्तुलनको लागि तालतलैया, पोखरी, झरना आदिको संरक्षण र संवर्द्धन गर्दै खुल्ला स्थानहरूमा वृक्षारोपण कार्य भइरहेको छ।

**क. वन तथा जैविक विविधता सम्बन्धी नीतिः**

- मनसुनजन्य वर्षाको कारण पहिरोग्रस्त क्षेत्रमा पहिरो नियन्त्रणको लागि विभिन्न प्रजातिको  वृक्षरोपण गरिनेछ।
- वन क्षेत्रमा गुराँस संरक्षणको लागि मिचाहा प्रजातिको बोटबिरुवाहरूलाई व्यवस्थापन गरिनेछ।

ख. **भू -तथा जलाधार सम्बन्धी नीतिः**

- भू तथा जलाधार संरक्षणका लागि पोखरी, तालतलैया, झरना तथा खानेपानीको मुहान संरक्षण कार्यलाई निरन्तरता दिइनेछ।
- गत असार २ गते वर्षाका कारण पहिरो गई क्षतिग्रस्त भएका सडक सञ्जालले जोडिने खोलाहरूमा तटबन्धन निर्माण गरी नियन्त्रण गरिनेछ।

ग. **वातावरण र स्वच्छता सम्बन्धी  नीतिः**

- गाउँपालिकाको मुख्य सडकको छेउ तथा खुल्ला क्षेत्रमा वातावरण स्वच्छता कायम गर्न वृक्षारोपण गर्दै लगिनेछ।
- गाउँपालिका क्षेत्र तथा वस्तीहरूबाट उत्सर्जन हुने फोहोरमैलाको व्यवस्थापनका लागि डम्पिङ साइट निर्माण कार्यलाई अगाडि बढाइनेछ।
- जैविक तथा अजैविक फोहोरलाई व्यवस्थापन गरिनेछ।
- सबै वडाहरूलाई वातावरणमैत्री वडा घोषणा गर्न आवश्यक कार्यविधि बनाई लागु गरिनेछ।

**घ. विपद् व्यवस्थापन र जलवायु अनुकुलन सम्बन्धी नीतिः**

- विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन सेवा प्रवाहको लागि स्थानीय आपतकालीन सेवा सञ्चालन केन्द्रमा विपद् उद्धार सामाग्रीहरू थप गर्दै लगिनेछ ।
- विपद् व्यवस्थापन कोष सञ्चालनलाई निरन्तरता दिइनेछ।
- विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलन सम्बन्धी जनचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

### ५. सुशासन तथा संस्थागत विकास

सुशासन तथा संस्थागत विकास अन्तर्गत चालु आर्थिक वर्षसम्म आइपुग्दा १७ वटा ऐन, ३ वटा नियमावली, २३ वटा कार्यविधि, १/१ वटा मापदण्ड र निर्देशिका निर्माण गरी राजपत्रमा प्रकाशन भई जारी गरी सेवा प्रवाहमा सरलता आएको छ । त्यस्तै गाउँपालिकाको २५ वर्षे दीर्घकालीन सोचसहितको आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, राजश्व सुधार योजना, भू-उपयोग नीति, संगठन तथा व्यवस्थापन सर्वेक्षण, मुख्य मुख्य आयोजनाहरुको डि.पि.आर. निर्माण लगायतका थुप्रै कार्यहरू सम्पन्न भएका छन् ।

स्थानीय स्तरमै न्याय निरुपण गर्ने संविधानको परिकल्पना अनुसार न्यायिक समिति मार्फत् सबै वडाहरुमा मेलमिलाप केन्द्रहरू स्थापना भई सक्रिय रूपले न्यायिक सम्पादनमा सधैँका वर्षहरु भन्दा धेरै सुधार हुँदै आएको छ ।

२०८३ साल सम्ममा स्थानीय बालमैत्री शासनयुक्त गाउँपालिका घोषणा गर्न कार्यक्रमहरू निरन्तर रूपमा अघि बढिरहेको छ । पालिकाकै महत्वपूर्ण आयोजनाहरूमा पर्ने प्रशासनिक भवन तथा बहुउद्धेश्यीय कवर्डहल निर्माण कार्य तिब्र गतिमा भइरहेको छ । त्यस्तै सडक यातायात गुरुयोजना निर्माण, आर्थिक सर्वेक्षण निर्माण गर्ने कार्य शुरु भई प्रारम्भिक प्रतिवेदन समेत आइसकेको छ । जसले गर्दा समग्र सुशासन तथा संस्थागत विकासलाई महत्वपूर्ण योगदान पुर्याएको महशुस गर्न सकिन्छ ।

- **सुशासन, ऐन, कानून, न्याय तथा जवाफदेहिता**
- सेवा प्रवाहलाई थप जनउत्तरदायी, जवाफदेही र पारदर्शी बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो चौतारी लगायतका सार्वजनिक उत्तरदायित्वका माध्यमहरूको कार्यान्वयनलाई थप प्रभावकारी र नियमित गरिनेछ ।
- सेवा प्रवाहलाई थप सहज, सरल तथा एकरुपता ल्याउन आवश्यक पर्ने सार्वजनिक खरिद ऐनको अधीनमा रही सार्वजनिक खरिद नियमावली बनाई लागु गरिनेछ साथै आन्तरिक नियन्त्रण प्रणाली, कर्मचारी तथा पदाधिकारीको आचार संहिता निर्माण लगायतका नीति, नियम कानुन आवश्यक्ता अनुसार निर्माण गरिनेछ ।
- कानुनी साक्षरता र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरूलाई सबै वडाहरूमा सञ्चालन गरिनेछ ।
- सबै वडा कार्यालयमा स्थापना भएका मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गर्दै न्याय सम्पादनका लागि मेलमिलाप कर्तालाई आवश्यक स्रोत र साधन उपलब्ध गराइनेछ ।
- आयोजना तथा कार्यक्रमहरुको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- गाउँकार्यपालिकाको काम छिटो, छरितो चुस्तदुरुस्त र व्यवस्थित गर्न विषयगत समितिहरूलाई अझ सशक्तीकरण गरिनेछ ।

**क. संस्थागत तथा मानव संशाधन विकास तथा सेवा प्रवाह**

- गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा विद्युतीय प्रणाली अवलम्बन गर्दै लगिनेछ । गाउँपालिका अन्तर्गतका सबै कार्यालय र संस्थाहरूमा ई-हाजिरी तथा सि.सि.क्यामेरा जडान गरी सोको नियमन गर्न एकीकृत प्रणाली लागू गरिनेछ ।
- जनप्रतिनीधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ साथै अवलोकन भ्रमणका माध्यमबाट सिकाइ तथा अनुभव आदान प्रदान गरिनेछ ।
- गाउँपालिकाको आफ्नै प्रशासनिक भवन मार्फत् सरल, सहज तथा पहुँच योग्य सेवाप्रवाह उपलब्ध गराउन आवश्यक व्यवस्था गर्दै लगिनेछ ।
- स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्न योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गरिनेछ ।
- स्वीकृत सङ्गठन संरचना अनुसारको दरबन्दी पदपूर्ति गरिनेछ र कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई कार्यविवरणसँग आवद्ध गर्न आवश्यक व्यवस्था मिलाइने छ । नेपाल सरकारले जेष्ठ नागरिकलाई उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता वडा/वडा मार्फत् वितरण गरिने प्रणालीलाई निरन्तरता दिइनेछ ।
- कार्यालय व्यवस्थापनका लागि आवश्यक सूचना प्रविधिको अवलम्बन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन अबलम्बन गर्न आवश्यक कार्यक्रमहरूलाई निरन्तर रुपमा कार्यान्वयन गर्दै लगिने छ ।
- जेसी रणनीति निर्माण गरी लागु गरिनेछ ।

**ख. वित्तीय स्रोत परिचालन**

- करदाताहरूको विवरण तयार पारिनेछ र कानून बमोजिम कर नतिर्नेहरूको समेत पहिचान खुल्ने कर प्रणालीको विकास गरिनेछ ।
- राजश्व प्रशासनको संस्थागत सुधार गर्दै दक्ष जनशक्तिको व्यवस्था गरिनेछ र स्थानीय कर प्रणालीलाई सहज, सरल बनाउँदै लगिनेछ ।
- टोल विकास संस्थाहरूसँग लागत सहभागितामा आधारित आयोजनाहरू सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- सार्वजनिक खर्चलाई पूँजी निर्माणका क्षेत्रमा लगानी गरी आन्तरिक आयलाई वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- कर प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाई स्वेच्छिक सहभागिता अभिवृद्धी गर्न करदाता शिक्षा लागु गरिनेछ ।

**घ. योजना व्यवस्थापन**

- कृषि, पर्यटन साथै वातावरण संरक्षण लगायतका अग्रणी क्षेत्रहरूका दीर्घकालीन गुरुयोजना निर्माण गरिनेछ।
- आयोजना छनौट तथा निर्माणमा दिगो विकास, लैङ्गिक विकास तथा जलवायु परिवर्तनलाई विशेष ध्यान दिइनेछ। साथै बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, ज्येष्ठ नागरिक मैत्री पूर्वाधार विकासमा जोड दिइने छ ।
- आयोजनाहरूको अनुगमन प्रणालीलाई थप व्यवस्थित बनाउँदै लगिनेछ र पूर्वाधार निर्माणमा Bio Engineering प्रणालीलाई अनिवार्य गर्दै लगिनेछ।
- योजना तर्जुमा तथा कार्यान्वयनमा सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई निरन्तरता दिँदै ठूला आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन तेस्रो पक्षबाट गर्ने व्यवस्था मिलाइनेछ।
- आवधिक विकास योजना तथा मध्यमकालीन खर्च संरचनाको समीक्षा गरी यथार्थ प्रगति प्रतिवेदन तयार गरिनेछ।
- आयोजनाहरूको मर्मत संहारको लागि छुट्टै कोष निर्माण गरी एकै कोष मार्फत् खर्च गर्ने व्यवस्था मिलाइने छ।

सभाका सदस्य ज्यूहरुः अन्त्यमा यो नीति तथा कार्यक्रम तयार गर्न विभिन्न माध्यमहरुबाट सुझाव दिनु हुने जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, टोल विकास संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरु, साझेदार संघ सस्थाहरु विभिन्न क्षेत्रमा कार्यरत स्थानीय वुद्धिजीविहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु साथै नीति तथा कार्यक्रमलाई समृद्ध बनाउन भूमिका खेल्नुहुने विषयगत समितिहरुका पदाधिकारी तथा सदस्यहरु, अहोरात्र खट्नुहुने राष्ट्रसेवक कर्मचारी तथा सुरक्षा कर्मीहरु सवैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।